नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

हालैका दिनहरुमा विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा प्रकाशित भएका निजामती कर्मचारी राजनीतिमा संलग्न भएको भन्ने समाचारहरु प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । निजामती सेवा ऐन, २०४९ को दफा ४४ मा रहेको निजामती कर्मचारीले राजनीतिमा भाग लिन नहुने आचरण सम्बन्धी व्यवस्था र निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ को नियम १२ मा रहेको निजामती कर्मचारीले पूर्ण रुपमा राजनीतिक तटस्थता कायम गर्नुपर्ने भन्ने व्यवस्थाबारे सबै निजामती कर्मचारीहरुलाई अवगत भएकै विषय हो । प्रचलित कानुनमा तोकिए बमोजिमको भएको आचरण पालना गर्नु सबै निजामती कर्मचारीको कर्तब्य हो । प्रचलित ऐन नियममा उल्लिखित आचरण पालना नगरी राजनीतिमा भाग लिएको प्रमाणित भएमा त्यस्ता कर्मचारी उपर कानुन बमोजिम कारबाही हुने हुँदा सबै निजामती कर्मचारीले यसतर्फ गम्भीर ध्यान पुर्‍याउन सामान्य प्रशासन मन्त्रालय विशेष अनुरोध गर्दछ ।